# जेष्ठ नागरिक आनन्दभवन निमार्ण कार्य अन्तिम चरणमा

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बसाइ-सराइले हाम्रो पारिवारिक संरचनालाई विखण्डित बनाइरहेकाले जेष्ठ नागरिकहरुको दैनिकी कठिन भइरहेको छ । छोराबुहारीले चाहेर पनि बाबु-आमा र सासु-ससुराको हेरचाह गर्न सकिरहेका छैनन् । निम्न आय भएकाहरुलाई एक प्रकारको समस्या छ भने यथेष्ट जग्गा-जमिन र धनसम्पत्ति हुनेहरुले पनि पारिवारिक सदस्यहरुबाट पाउनुपर्ने मायाममता पाउन सकिरहेका छैनन् । शरीरमा



तागत हुँदासम्म यस्ता कुरा सामान्य देखिन्छन् तर जबजब तागत कम हुँदै जान्छ र छोराछोरी,बुहारी,नाति-नातिनाहरु टाढाटाढा हुन्छन्,साथीभाइहरुसँग भेट हुन सक्दैन,एक प्रकारले आँगन नै प्रदेश हुन्छ । आवश्यक हुँदा सबै टाढाटाढा हुने भएपछि जिन्दगीको के सार ? त्यसैले उमेरअवस्था मिल्ने साथीहरु एक ठाउँमा बस्ने,मन मिलाउने, रमाईलो वातावरणमा बस्ने, स्वःआर्जन/परिवारको सहयोगमा खाने, समय मिलाई परिवारजनसँग पनि भेटघाट गर्न मिल्ने, भरपर्दो ,सुरक्षित, मायालु वातावरणसहितको व्यवस्थित निवासको आवश्यकता महसुस भइआएको हो ।



सामाजिक जीवन जिउन तथा मानवीय मूल्य र मान्यतालाई कायम राखेर पनि जीवनको उत्तरार्ध रमाईलोसँग विताउन सकिन्छ भन्ने मान्यतालाई हृदयङगम गर्दे सहभागी संस्थाले आफ्नो १६औं साधारण सभामा आनन्द भवनको अवधारणा प्रस्तुत गरि सर्वसम्मत रुपमा पास गरेको थियो । कोरोनाको असर तथा र आर्थिक स्रोत अभावका कारणले यस अवधारणालाई कार्यान्वयनमा ल्याउन सकिएन तथापि यो विचार र कार्य व्यवस्थालाई अनौपचारिक रुपमा साथीहरु समक्ष राख्दा सकारात्मक जवाफ आएको छ । लौ न कहिलेबाट सुरु हुन्छ? हामीलाई पनि समाबेस गर्नुपर्दछ, भन्ने भनाइ निरन्तर आइरहेको छ । साथीहरुमात्र होइन, पेसाव्यवसायमा निरन्तर लाग्नुपर्ने र कारणवस देश विदेशमा गएका तर प्राणभन्दा प्यारा बाबुआमालाई सेवा गर्न नभ्याएका छोराछोरीहरुले लौ न यस्तो समस्या हाम्रो घरमा पनि परिरहेको छ ।



चाहेर पनि बाबुआमालाई उचित स्याहारसुसार गर्न भ्याएका छैनौ , व्यवसाय छाड्न पनि सकिएको छैन, केही नभएको असहाय जस्तो बनाएर सित्तैमा खान बस्न पाईने वृद्धाश्रममा राख्न पनि मन मस्तिष्कले मान्दैन । भरपर्दो र आरामदायी निवासको व्यवस्था साथीहरुले गर्नुहुन्छ भने हामी पनि सहयोगी बन्दछौँ आदि विचारहरु प्रस्तुत भैइरहेका सन्दर्भमा सहभागी संस्थाले साधारणसभा तथा कार्यसमितिबाट अवधारणा पारित गरी **रत्ननगर**



**नगरपालिका वार्ड नं.९ स्थित संस्थाको जग्गामा यस प्रकारको कार्य अगाडी बढाएको छ । यस क्रममा जेष्ठ नागरिक आनन्दभबन उपभोक्ता समिति गठन गरि २०८२ साल चैत्र २५ गते सहभागी संस्थाको स्थापना दिवस सगै भबन शिलान्यास गरि बिधिबत रुपमा कार्य अगाडी बढाइएको थियो** । जसमा ३ वटा जेष्ठ नागरिक बस्ने आवास र १ सेमिनार हल निमार्णको अन्तिम अन्तिम चरणमा पुगेको छ । यस अबधीमा सहयोग, समन्वय, सहकार्य, सल्लाह सुझाबहरु निरन्तर रुपमा सबै तिर बाट आइरहेको हुनाले हामीहरु लाई उत्प्रेरित, आँट तथा भबिश्यमा पक्कै पनि यस कार्यमा जोडिनु हुनेछ भन्ने बिश्वास राखेका छौ ।